प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

बुटवल, रुपन्देही

स्वकीय सचिवालय

सुदर्शन बराल

मन्त्री

प.सं.: २०७६।७७

च.नं.: ९३२

मिति: २०७७/०२/२१

शुभकामना !

नेपालमा विद्यमान जातीय छुवाछुत लगायतका सबै प्रकारका विभेदका विरुद्ध नेपाली जनताले लामो संघर्ष गर्दै आएका छन् । १० वर्षे महान जनयुद्ध लगायतका सबै संघर्षको परिणाम स्वरुप नयां संविधानले समानतायुक्त अधिकारको ग्यारेन्टी गरेको छ । यसका बावजुद पनि समाजमा जातीय छुवाछुत जस्तो अमानवीय प्रथा कुनै न कुनै रुपमा कायमै रहनु २१ औं शताब्दीका मानवजाती माथिको कलंक हो ।

सरकारले २०६३ साल जेठ २१ गते नेपाललाई जातीय छुवाछुत मुक्त राष्ट्र घोषणा गरेको ऐतिहासिक दिनको स्मरण गर्दै हरेक वर्ष आजका मितिमा जातीय भेदभाव तथा छुवाछुत उन्मूलन दिवस मनाइन्छ । संविधानको प्रस्तावनामै सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्ने समतामूलक समाज निर्माण गर्ने संकल्प गरिएको छ भने धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकका रुपमा उल्लेख गरिएको छ ।

सबै किसिमका जातीय भेदभाव उन्मुलन सम्बन्धी अन्तराष्ट्रिय महासन्धि १९६५ को नेपाल सन् १९७१ मा पक्ष राष्ट्र बनीसकेको छ । उल्लेखित प्रवधानहरुलाई कार्यान्वयन गर्नका लागि जातीय भेदभाव तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ र नियमावली , २०७४ कार्यान्वयनमा आएको छ । संवैधानिक निकायका रुपमा राष्ट्रिय दलित आयोगको स्थापना हुनु , जातीय भेदभाव तथा छुवाछुत उन्मूलन र दलित अधिकार प्रवर्धनका लागि थुप्रै नीतिगत र संस्थागत व्यवस्था हुनु, सकारात्मक विभेदका आधारमा राज्यका निकायमा सहभागिताको अवसर बढ्नुलाई महत्वपूर्ण उपलब्धीका रुपमा लिन सकिन्छ । सामाजिक सोच र व्यवहारमा रुपान्तरण नभएसम्म जतिसुकै कानून बनेपनि त्यसले अपेक्षित परिणाम दिन सक्दैन । तसर्थ, एकातिर त्यस्ता समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिता बढाउदै लैजानु पर्छ भने अर्कोतर्फ आम समुदायको चिन्तनमा रुपान्तरण गर्न सोही प्रकृतिका कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने देखिन्छ ।

कोभिड-१९को संक्रमणका कारण देश बन्दाबन्दीको विषम परिस्थितीमा गुज्रिएको छ । सबै जाती समुदायको संयुक्त प्रयासबाटै कोरोनामाथी जित सम्भव छ । सरकारको पहल कदमीमा साथ र सहकार्यको लागि अनुरोध समेत गर्दछु ।

अन्तमा, दिवशको अवसरमा कुनैपनि जात, जाति, वंश, समुदाय, पेशाव्यवसाय र शारीरिक अवस्थाका आधारमा भएका सामाजिक छुवाछुत, भेदभाव, बहिष्कार र प्रतिवन्ध जस्ता मानवता विरोधी कार्यको अन्त्य गर्दै सबैलाई न्यायको अनुभूति गर्न गराउन सम्बद्ध सबै पक्षलाई प्रेरणा र सफलता मिलोस् भन्ने शुभ कामना व्यक्त गर्दछु ।

सुदर्शन बराल

सामाजिक विकास मन्त्री

सुदर्शन बराल

सामाजिक विकास मन्त्री

"बुद्धको जन्मस्थल लुम्बिनी जाऔं, शान्तिको सन्देश फैलाऔं"

लुम्बिनी भ्रमण वर्ष २०७६

☎:०७१-५५०१२४, M:minister.mosd.5@gmail.com, ⊕ :www.mosd.p5.gov.np